# आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली
## मितिः २४ अप्रेल २०२४
## समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. दार्जीलिङ लोकसभा सिट सहित दोस्रो चरणको लोकसभा चुनावको प्रचार अभियान आज ५ बजे समाप्त भएको छ।पश्मिच बंगालका तीन सिट दार्जीलिङ , रायगंज र बालुरघाटमा २६ अप्रेलको दिन बिहान ७ बजेदखि बेलुकी ६ बजेसम्म मतदान हुनेछ।

२. चुनाव प्रचारको अन्तिम दिन भाजपा उम्मेद्वारले कालेबुङ लाकामा रोड शो गरे भने टिएमसी उम्मेद्वार गोपाल लामाले कालेबुङकै राष्ट्रिय राजमार्ग क्षेत्रमा चुनाव प्रचार गरे।

३. लोकसभा चुनावले गर्दा दार्जीलिङ लोकसभा क्षेत्र सिट जुडेको भारत–नेपाल नाका आज देखि २६ अप्रेल सम्ममा लागि बन्द गरिएको छ।

४. दार्जीलिङ्की जिल्ला शासकले निर्भिक चुनाव सम्पन्न गराउने प्रत्येक मतदान केन्द्रमा अर्धसैनिक बल तैनात गरिने बताउनु भएको छ। संसदीय क्षेत्रका विभ्भिन्न इलाकामा अर्घ सैनिक बलहरूको गश्ती गरिरहेका छन्।

५. आकाशवाणी खरसांग रेडियोका अवकाश प्राप्त कर्मी Engineering सहायक सरोज कुमार ठकुरीको निधन भएको छ।

**लोकसभा चुनाव प्रचार**

लोकसभा चुनावको दोस्रो चरणको प्रचार अभियान आज साँझ समाप्त भयो । आज अन्तिम दिन राजनीतिक दलका शीर्ष नेताहरुले रैली र रोड शोलाई सम्बोधन गरे । १३ राज्यका ८९ लोकसभा सिटका लागि शुक्रबार मतदान हुँदैछ। जसमा केरलाका २०ए कर्नाटकका १४, राजस्थानका १३, उत्तर प्रदेश र महाराष्ट्रका आठ–आठए मध्यप्रदेशका सात, आसाम र बिहारका पाँच–पाँच, पश्चिम बङ्गाल र छत्तीसगढका तीन–तीन तथा त्रिपुरा र जम्मू–कश्मीरका एक–एक सिट रहेका छन्।

****** ० ******

**भाजपा-राजु विष्ट**

दार्जीलिङ लोकसभा आसनका भाजपा उम्मेदवार राजु विष्टले चुनाउ प्रचारको अन्तिम दिन कालेबुङ शहरमा रोड शो गर्नु भयो । उक्त रोड शो मा गोरामुमोए गोजमुमोए क्रामाकपा ए गोरानिमो आदि पार्टीका प्रतिनिधिहरूले धेरै संख्यामा भाग लिएका थिए। उक्त रोड शो अवधि पत्रकारहरूलाई सम्बोधन गर्नुहुदै सांसद प्रत्यासी विष्टले बिगत को लोकसभा चुनाउमा ४ लाख भोटले जितेकोए तर यसपल्ट त्यो भन्दा अधिक भोटले जित्ने बिश्वास व्यक्त गर्नुभएको छ । उहाले भन्नुभयो - जनता प्रधानमन्त्री नरेन्द्र मोदीको साथमा छन्ए दोस्रोपल्ट मैले यति धैरै माया पाइरहेको छुए मेरो सांसद बन्नु तय छ ।उहाले अझ भन्नु भयो - यो केवल मेरो मात्र जीत हुनेछैन सम्पूर्ण डेढ करोड गोर्खाको र सम्पूर्ण दार्जीलिङ तराई डुवर्सका जनताको जीत हुनेछ।

****** ० ******

**भागोप्रमो अध्यक्ष - टीएमसी प्रार्थी**

त्रिनामुल कांग्रेस प्रार्थी गोपाल लामाको समर्थनमा चुनाउ प्रचार गर्दै आज अन्तिम दिन भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका अध्यक्ष एवं जीटीए प्रमुख कार्यपाल अनित थापा कालिझोड़ा पुग्नु भएको छ। उहाले कालीझोड़ा मैदानमा आयोजित एक चुनावी सभालाई सम्बोधन गर्नुभयो। यस चुनावी सभामा सेवोकए कालीझोड़ाए मङ्पू-लाब्दाए रंगली-रंगलियट आदि क्षेत्रहरूबाट मानिसहरूको व्यापक उपस्थिति रहेको थियो। चुनावी सभापछि पत्रकारहरूलाई सम्बोधन गर्नुहुदै श्री थापाले यतिका दिनसम्म चुनाउ प्रचार शान्तिपूर्ण ढंगमा सम्पन्न भएको र अब आउँदो दुइ दिन पनि शान्तिपूर्ण ढंगमा बितोस् भनी बताउनु भएको छ ।

****** ० ******

**मिरिक- अर्ध सैनिक**

लोकसभा चुनाउलाई ध्यानमा राख्दै मिरिक महकुमामा तीन कम्पनी अर्ध सैनिक बल तैनाथ गरिएको छ। आगामी २६ अप्रेलको दिन सम्पन्न हुने १८ औं लोकसभा चुनावलाई केन्द्र गरेर क्षेत्रमा शान्ति शृङ्खला कायम राख्न केन्द्रीय अर्ध सैनिक बल का जवानहरुले मिरिक बजार लगायत सौरैनी बजार ए ओकेटी ए निगाले तराईको पानीघट्टा क्षेत्रमा रुट मार्च जारी राखेको जानकारी प्राप्त भएको छ ।

****** ० ******

**भारत-नेपाल सीमा**

लोकसभा चुनाव-२०२४ शांतिपूर्ण ढंगमा सम्पन्न गरुनको लागि भारत-नेपाल सीमामा पानीटंकी चेक पोस्ट 72 घण्टा को निम्ति सील गरिएको छ। दार्जिलिंग लोकसभा क्षेत्रमा शुक्रवार २६ अप्रैलमा दोश्रो चरणमा मतदान हुनेछ। यसको ठीक तीन दिन पहला दार्जिलिंग जिला निर्वाचन अधिकारी तथा दार्जिलिंग जिलाशासक प्रीति गोयलले भारत-नेपाल सीमामाएपानीटंकी चेक पोस्टलाई मंगलवार बेलुकी साँझ ६ बजे देखि सील गर्ने आदेश दिनुभएको छ। एसएसबी सूत्र अनुसार, मतदान प्रक्रिया समाप्त भएपछि आगामी शनिवार बिहान देखि सीमा खोलिनेछ। वर्तमानमा केवल भारतीय मतदाताहरुलाई मात्र नेपालबाट भारत प्रवेश गर्ने अनुमति छ।

****** ० ******

**हमिदुल रहमान कारण बताउ नोटिस**

निर्वाचन आयोगले आज चोपडा निर्वाचन क्षेत्रका तृणमूल कांग्रेसका विधायक हमिदुल रहमानलाई कारण बताउ नोटिस जारी गरेको छ। चोपडा दार्जिलिङ लोकसभा निर्वाचन क्षेत्र अन्तर्गतका सात विधानसभा निर्वाचन क्षेत्रहरूमध्ये एक हो जहाँ 26 अप्रेलमा दोस्रो चरणमा मतदान हुनेछ। आयोगले रहमानलाई पश्चिम बङ्गालको मुख्य निर्वाचन अधिकारीको कार्यालयमा 25 अप्रेल सम्ममा नोटिसको जवाफ पेश गर्न भनेको छ। सिइओको कार्यालयसुत्र अनुसार रहमानले एक सार्वजनिक सभामा मतदातालाई धम्क्याएको कुरा हालै आयोगलाई जानकारीमा ल्याइएको थियो।

****** ० ******

**प्रधानमंत्री -छत्तीसगढ़**

छत्तीसगढको सरगुजा लोकसभा निर्वाचन क्षेत्रको अम्बिकापुर शहरमा आज एक जनसभालाई सम्बोधन गर्नुहुदै प्रधानमन्त्री तथा भाजपाका वरिष्ठ नेता नरेन्द्र मोदीले काङ्ग्रेसले आदिवासी र अनुसूचित जातिका लागि आरक्षण घटाउन र धर्मको आधारमा आरक्षण दिन प्रयास गरिरहेको बताउनु भएको छ। श्री मोदीले भन्नुभयो , कांग्रेस संविधान परिवर्तन गर्न चाहन्छ र अनुसूचित जातिए अनुसूचित जनजाति र पछौटे वर्गको अधिकार आफ्नो भोट बैंकमा दिन चाहन्छ। उहाले अझ भन्नुभयो , केवल बीजेपी ले मात्र आरक्षणको रक्षा गर्न सक्छ। मोदीले भन्नुभयो ए श्जो भारतलाई बलियो र आत्मनिर्भर

बनाउन चाहँदैनन्ए उनीहरु देशमा कमजोर विपक्षी सरकार चाहन्छन् । उहाले केन्द्रको भाजपा सरकारले आतंकवाद र नक्सलवाद विरुद्ध कठोर कदम चालेको बताउनु भएको छ ।

****** ० ******

**गृहमन्त्री अमित शाह**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले कांग्रेस र कम्युनिस्ट पार्टीहरूले पी.एफ.आई र एस.डी.पी.आई. जस्ता राष्ट्रविरोधी शक्तिहरूको समर्थन लिएको आरोप लगाउनु भएको छ। अलाप्पुझामा आज अपराह्न एक जनसभालाई सम्बोधन गर्नुहुदै श्री शाहले दुवै दलले अल्पसंख्यक भोट बैंकको लागी र केरलामा आतङ्कवादलाई बढावा दिएको आरोप लगाउनु भएको छ । उहाले भाजपाको शासनकालमा पी.एफ.आई.जस्ता संगठनलाई फस्टाउन नदिइने बताउनु भएको छ । श्री शाहले राष्ट्रिय सुरक्षाको हितमा देश परमाणु शक्तिको रूपमा रहिरहने बताउनु भएको छ ।उहाँले यो चुनाव केरलालाई हिंसाबाट मुक्त गर्नका लागि भएको बताउनु भएको छ ।

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मू -जलवायु परिवर्तन**

राष्ट्रपति द्रौपदी मुर्मूले जलवायु परिवर्तनको विषय गम्भीर रहेको बताउनु हुदै यसको प्रभावसँग जुध्न वन संरक्षणको भूमिकामा जोड दिनुभएको छ । देहरादुनस्थित फरेस्ट रिसर्च इन्स्टिच्युटमा भारतीय वन सेवा परिवीक्षाधीनहरूको दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुदै राष्ट्रपति मुर्मुले मानव जातिले जानीजानी वनको महत्व बिर्सेर गल्ती गरिरहेको बताउनु भएको छ । उहाँले मानिस पृथ्वीको अमूल्य स्रोतको मालिक नभई संरक्षक हो भनी बताउनुभएको छ । राष्ट्रपति मुर्मुले वनको संरक्षणए सम्बर्धन र पोषणको महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्न प्रशिक्षार्थीहरूलाई प्रोत्साहित गर्दै यस जिम्मेवारीलाई हृदयदेखि नै निर्वाह गर्ने आह्वान गर्नुभएको छ। दीक्षान्त समारोहमा इन्दिरा गान्धी राष्ट्रिय वन प्रतिष्ठानको २०२२–२४ कोर्षका ९९ प्रोबेशनरी अफिसरलाई स्नातक उपाधि प्रदान गरियो । जसमा भुटानका २ जना प्रशिक्षार्थी अधिकारी रहेका छन् । हालको ब्याचमा सबैभन्दा अधिक मध्य प्रदेश १५ र उत्तराखण्डका ३ जना अधिकारीहरू सामेल छन्।

****** ० ******

**रामकृष्ण मठ**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीले रामकृष्ण मठ र मिशनका नयाँ अध्यक्ष स्वामी गौतमानन्द जी महाराजलाई बधाई दिनु भएकोछ । "आज बेलुर मठमा आयोजित मठको बोर्ड अफ ट्रस्टी र मिसनको गभर्निङ बडीको बैठकमा रामकृष्ण मठ र रामकृष्ण मिशनको अध्यक्ष पदमा निर्वाचित गरिएको छ स परम पूज्य स्वामी गौतमानन्दजी महाराज दुवै सङ्गठनका 17औँ अध्यक्ष हुनुहुन्छ ।

****** ० ******

**सामूहिक दुष्कर्म**

सिलगडी महकुमा अन्तर्गत नक्सलबाड़ीमा नाबालिका संग सामूहिक दुष्कर्मको घटना प्रकाशमा आएको छद्य घटना नक्सलबाड़ी स्थित एक चिया बगानमा भएको जानकारी प्राप्त भएको छ द्य पीडिताको परिवारले नक्सलबाड़ी थानामा उजुरी दर्ता गरेपछि पुलिसले ५ जना आरोपीहरुलाई पक्राउ गर्दै पोक्सो एक्ट अंतर्गत् मुद्दा दर्ता गरेको छ ।

****** ० ******

**निधन**

आकाशवाणी खरसांगका अवकाश प्राप्त Engineering Assistant सरोज कुमार ठकुरीको हिजो राति ६ बजेर ०४ मिनटमा निजी निवास पी.बी रोड खरसांगमा निधन भएको छ। उहाँ ६७ वर्षको हुनुहुन्थे। आकाशवाणी खरसांगको सेवामा सेवामा उहाँ २५ सितम्बर १६८२ मा नियुक्त हुनुभएको थियो। ३१ अक्टुबर २०१७ मा उहाँ अवकाश ग्रहण गर्नुभयो। आकाशवाणीमा ३५ वर्षको सेवा कालमा उहाँको धेरै योगदान छ विशेष गरी Engineering विभागमा उहाँ एक निपूण र दक्ष कर्मी हुनुहुन्थ्यो। खरसांग रेडियो स्टेशनको अभियान्तिकी विकास क्षेत्रमा उहाँको योगदान अतुलनीय छ। केही समय देखि उहाँ विरामी हुनुहुन्थ्यो। आकाशवाणी खरसांग रेडियोका समस्त कर्मीहरूले उहाँको निधन प्रति गहिरो शोक संवेदना व्यक्त गरेका छनू।

****** ० ******

**कुचबिहार -बम उद्धार**

कूचबिहारए जिल्ला अन्तर्गत शीतलकुची ब्लॉकबाट पांच सॉकेट बम उद्धार गरिए पछि क्षेत्रमा सनसनी फैलिएको छ ।सूत्र अनुसारए पूर्व शीतलकुची गांवको खुटामारा नदी किनारमा स्थानीय मनिसहरुले बम फेला पारेपछि यसको सुचना शीतलकुची पुलिस थानालाई दिए । सूचना पाएपछि घटना स्थलमा पुगेर ५ वटा बमलाई पुलिसले आफ्नु अधिनमा लिएको छ । शीतलकुची थाना का पुलिस अघिल्लो जाच मा जुटेको छ ।

****** ० ******

**चोरीको बाइक -आरोपी पक्राउ**

एनजेपी थाना पुलिसले चोरीको बाइक संगै एक आरोपीलाई पक्राउ गरेको छ। पुलिस सूत्र अनुसारए १५ अप्रैलमा एनजेपी थाना अंतर्गत भालोबासा मोड़को राधाकृष्ण मंदिर क्षेत्रबाट लक्ष्मण माझीको बाइक चोरी भएको थियो। लक्ष्मण माझीले एनजेपी थानामा उजुरी दर्ता गरेपछि जांचको क्रममा एनजेपी पुलिसले आरोपी संगै चोरीको बाइक उद्धार गरेको बताइएको छ ।

****** ० ******

**राज्य - भीषण गर्मी**

महानगर कोलकाता सहित राज्यको अन्य भागमा बढिरहेको अत्याधिक गरमले अन्य राज्य को रेकर्ड तोडेको छ । अलीपुर स्थित मौसम विभागको क्षेत्रीय मुख्यालय बाट प्राप्त जानकारी अनुसार दिल्लीए राजस्थानए हरियाणाए पंजाबए उत्तर प्रदेश सहित अन्य गरम राज्यहरुमा औसत तापमान ३६ देखि ३७ डिग्री बीच रह्यो जबकि, पश्चिम बंगालमा अधिकतम तापमान ४२ देखि ४० डिग्री सेल्सियसको बीच रहेको छद्य आज कोलकाताको अधिकतम तापमान ३६॰१ डिग्री सेल्सियस रिकार्ड गरियो जुन सामान्य भन्दा तीन डिग्री अधिक हो द्य यसरीनै दक्षिण बंगालको अन्य जिल्ला हावड़ाए हुगलीए उत्तर अनि दक्षिण २४ परगनाए पूर्व अनि पश्चिम मेदिनीपुरए पुरुलिया बांकुड़ाए मुर्शिदाबादए मालदाए झारग्राम क्षेत्रमा तापमान ४२ डिग्री सेल्सियस छेव चाव रहेको छ जो सामान्य भन्दा चार डिग्री अधिक हो द्य यी जिल्लाहरुमा लू चलने सम्भावना रहेको मौसम विभागले जनाएको छ द्य यता उत्तर बंगाल को अलीपुरद्वारए कूचबिहारए जलपाईगुड़ीए दार्जिलिंग अनि कालेबुंगमा तापमान ३५ देखि ३७ डिग्री सेल्सियस बीच रहेको छ ।

****** ० ******

**फरक्का -आगलागी**

फरक्का ब्यारेजको गेट नम्बर ४८ नजिक आज बिहान मालबाहक ट्रकमा आगलागीको घटना घट्यो । घटनाको जानकारी पाए लगत्तै ठूलो संख्यामा पुलिस ए केन्द्रीय सुरक्षा बल र दमकल घटनास्थलमा पुगेर आगो नियन्त्रणमा ल्याउने कोशिस गरे। दुर्घटनाका कारण ब्यारेजमा ठूलो जाम देखा पर्यो स लगभग चार घण्टापछि जलेको ट्रक हटाइयो र यातायात सुचारु गरियो ।

****** ० ******